**नेपाली / *NEPALI***

बाट: कुलपतिको कार्यालय
लागि: संकाय, शैक्षिक र युनिभर्सिटी कर्मचारी
विषय: *UW–Madison* का कर्मचारीहरूका लागि *Badger football* को अवसर
मिति: अक्टोबर २०, २०२१

सहकर्मीहरू,

*UW Athletics* को साझेदारीताका साथ, *UW–Madison* ले संकाय, शैक्षिक र युनिभर्सिटी कर्मचारीहरूका योगदानका लागि प्रशंसा व्यक्त गर्न जारी राखेको छ।

आवश्यक कर्मचारीहरूले शनिबार, नोभेम्बर १३, *Northwestern* सँगको खेलको लागि दुईवटा *football* को टिकट फेरि पनि नि:शुल्क पाउने अवसर छ। (*Kickoff* समय निर्धारण भएको छैन।)

थप टिकटहरू $ ४० प्रति टिकटको दरमा किन्ने अवसर पनि तपाईंलाई छ। सीमित आपूर्ति नसकुञ्जेल टिकटहरू जसले पहिला माग गर्छ, त्यसले पाउने तरिका अनुसार उपलब्ध छन्।

यो प्रस्ताव ती कर्मचारीहरूका लागि लक्षित गरिएको छ जो २०२०-२१ शैक्षिक वर्षमा व्यक्तिगत रूपमा, क्याम्पसमा आएर काम गर्न आवश्यक भएका थिए। हामी फेरी यो सन्देश सबै संकाय, शैक्षिक र युनिभर्सिटी कर्मचारीहरूलाई साझा गरीरहेका छौं ताकि योगदान गर्ने कोहि पनि बहिष्कृत नहुन्।

धेरै कर्मचारीहरूले पहिलेको *Penn State* सँगको खेलको अवसरमा रमाईलो गरेका थिए, जसले गर्दा यस अवसर फेरि प्रदान गरिएको छ।

टिकट मगाउनु अघि यो अवसर तपाईंलाई लागू हुन्छ कि हुँदैन विचार गर्न हामी तपाईंलाई आग्रह गर्दछौं। यो अवसर अनुसार टिकट लिँदा क्याम्पसमा काम गरेको थप कागजात आवश्यक हुनेछैन।

नि:शुल्क टिकट मगाउन र थप टिकट किन्न कृपया https://go.wisc.edu/uwcampusfboffer वेबसाईट हेर्नुहोला।

टिकट लिने समयमा, नि:शुल्क र किनिएको थप टिकटहरूको सीट साथमा राखिनेछ।

टिकट मगाएपछि तपाईंको चयनको आधारमा कम्प्युटर मार्फत पठाइनेछ र हुलाक मार्फत आउँदैन वा लिन आउन सकिँदैन।

टिकट मगाउने म्याद बिहीबार, नोभेम्बर ११, बेलुकी ४:३० बजे वा जब सीमित आपूर्ति सक्किन्छ, तब हुनेछ। यो अवसर पहिले किनिएको टिकटहरूमा मान्य हुनेछैन।

*Camp Randall Stadium* भित्र ल्याउन सकिने सामानका नीति र भवनहरू भित्र हुँदा मास्क लगाउने जस्ता *Covid-19* का सुरक्षा प्रोटोकलहरूका लागि, htttp://www.UWBadgers.com/FanPolicies वेबसाईट हेर्नुहोला।

हामी तपाईंहरूलाई त्यहाँ भेट्ने आशा गर्दछौं र तपाईंले गर्नुहुने सबै कामको लागि धन्यबाद।

कुलपतिको कार्यालय
*UW Athletics*